नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
# राजविराज दैनिक
स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक २७१ | २०८० साल जेठ २२ गते सोमबार | (5 June 2023 Monday) | मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : वार्षिक तीन करोड घनफिट काठ.. ३ पृष्ठमा : जलवायु परिवर्तनको चुनौति ... ३ पृष्ठमापाकिस्तान र अफगानिस्तान ...

## सबै स्थानिय तह र अस्पताललाई दश प्रतिशत बिरामीको निःशुल्क उपचार गर्न निर्देशन

**दैनिक समाचारदाता**
**काठमाडौं, २१ जेठ ।**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्थानीय तह र देशका सबै अस्पताललाई कूल शय्याको १० प्रतिशत छुटचाइ विपन्न, असहाय, बेवारिसे बिरामीको निःशुल्क उपचार गराउन निर्देशन दिएको छ ।

मन्त्रालयका उपसचिव एकदेव खनालले सात सय ५३ वटै स्थानीय तह र सबै सरकारी, सामुदायिक तथा निजी अस्पताललाई आइतबार छुट्टाछुट्टै पत्रचार गरी कूल शय्याको १० प्रतिशत विपन्न, असहाय, बेवारिसे बिरामीका लागि शय्या छुटचाइ निःशुल्क उपचारको व्यवस्था गराउन निर्देशन दिएका हुन् ।

पत्रमा ऐन तथा मापदण्डमा भएको विपन्न, असहाय, बेवारिसे बिरामीको सिफारिस सम्बन्धित स्थानीय तहको वडा कार्यालयबाट गर्ने गराउने र सो सिफारिसका आधारमा गरिब पहिचान परिचयपत्र समेतलाई आधार मानी कूल शय्याको १० प्रतिशत बिरामीको निःशुल्क उपचार अनिवार्य गर्न गराउन अनुरोध गरिएको छ ।

जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ६४ मा भएको व्यवस्था बमोजिम मन्त्रालयबाट स्वास्थ्य संस्था सञ्चालनसम्बन्धी मापदण्ड २०७७ को दफा ७० (घ) मा अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि १० प्रतिशत शय्या छुट्याइ निःशुल्क उपचार अनिवार्य रुपमा गराउनुपर्ने छ भनि उल्लेख गरिएको छ ।

मन्त्रालयले कूल शय्याको १० प्रतिशत विपन्न, असहाय, बेवारिसे बिरामीको निःशुल्क उपचार गराए/नगराएको नियमित अनुगमन हुने जनाएको छ ।

यसअघि मन्त्रालयले दुई पटक ती अस्पताललाई निःशुल्क उपचार गर्न गराउन निर्देशन दिइसकेको छ । स्थानीय तहलाई निःशुल्क उपचारको व्यवस्थामा समन्वय गरिदिन हुन निर्देशन दिइएको छ ।

## नागरिकतासम्बन्धी संशोधन विधेयक रद्द नगरेसम्म बैठक अवरोध गर्ने : एमाले

**दैनिक समाचारदाता**
**काठमाडौं, २१ जेठ ।**

नेकपा एमालेले हालै राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेको नागरिकता सम्बन्धी संशोधन विधेयक रद्द नगरेसम्म प्रतिनिधिसभा बैठक सञ्चालनमा अवरोध गर्ने भएको छ ।

अघिल्लो संसद्ले पारित गरेर प्रमाणीकरण नभएको विधेयक अहिलेको राष्ट्रपतिले प्रमाणीकरण गर्नु गैरसंवैधानिक काम भएकोले सो प्रमाणीकरण गरेको विधेयक रद्द नगरेसम्म संसद् अवरुद्ध गर्ने एमालेको प्रस्ट धारणा रहेको एमाले सचेतक महेश बर्तौलाले जानकारी दिए ।

संसद् बैठक बस्नुअघि यसबारेमा एमालेको तर्फबाट सभामुख देवराज घिमिरेलाई यसबारे जानकारी गराइसकिएको र सो विधेयक रद्द नहुन्जेल एमालेले संसद्को कामकारबाही अघि बढाउन नदिने सचेतक बर्तौलाले बताए । एमालेको अडानका कारण आइतबार ११ बजेका लागि बोलाइएको प्रतिनिधिसभाको बैठक सुरु हुन सकेको छैन ।

## नागरिकतासम्बन्धी ऐन तत्काल कार्यान्वयन नगर्न सर्वोच्चको आदेश




**दैनिक समाचारदाता**
**काठमाडौं, २१ जेठ ।**

राष्ट्रपति रामचन्द्र पौडेलबाट प्रमाणीकरण भएको संशोधित नागरिकता ऐन तत्काल कार्यान्वयन नगर्न सर्वोच्च अदालतले सरकारका नाममा अल्पकालीन अन्तरिम आदेश दिएको छ ।

न्यायाधीश डा.मनोजकुमार शर्माको एकल इजलासले आइतबार अल्पकालीन आदेश दिँदै अन्तरिम आदेश दिने कि नदिने भनी दुवै पक्षलाई छलफलका लागि झिकाएको छ ।

राष्ट्रपति पौडेलले संविधान विपरीत विधेयक प्रमाणीकरण गरेको भन्दै वरिष्ठ अधिवक्ताहरु डा. सुरेन्द्र भण्डारी र बालकृष्ण न्यौपानेले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए ।

राष्ट्रपतिले विधेयक प्रमाणीकरण गर्ने क्रममा उदृत गरेका संविधानका प्रावधानहरु विधेयक प्रमाणीकरणसँग सम्बन्धित नभएको, गलत संवैधानिक प्रावधान उदृत गरेर संवैधानिक प्रावधानमाथि प्रहार भएको भन्दै रिट निवेदनमा प्रमाणीकरण गरेको विधेयक तत्काल कार्यान्वयन नगर्नु भनी रोक लगाउन माग गरिएको थियो ।

मन्त्रिपरिषद्को आग्रहअनुसार संविधानको धारा ६१ र ६६ बमोजिम राष्ट्रपतिले विधेयक प्रमाणीकरण गरेको राष्ट्रपतिको कार्यालयले जनाएको थियो ।

संघीय संसदले साउन २०७९ मै नागरिकता विधेयक पास गरेको थियो । तर तत्कालीन राष्ट्रपति भण्डारीले प्रमाणीकरण नगरी २९ साउनमा सन्देशसहित प्रतिनिधिसभामा फिर्ता पठाइदिएकी थिइन् ।

तर दुवै सदनले नागरिकता विधेयक हुबहु पारित गरेर २०

*बाँकी अन्तिम पृष्ठमा*

## नयाँ नेतृत्वको चयन गर्दै मधेश प्रदेश कबड्डी संघको अधिवेशन सम्पन्न




**दैनिक समाचारदाता**
**राजविराज, २१ जेठ ।**

मधेश प्रदेश कबड्डी संघको प्रथम अधिवेशन आइतबार राजविराजमा सम्पन्न भएको छ । अधिवेशनले कबड्डीका पूर्वअन्तराष्ट्रिय खेलाडी अरबिन्द कुमार झाको नेतृत्वमा ९ सदस्यीय निर्विरोध नयाँ कार्य समिति चयन गरेको छ ।

राजविराज १ निवासी झा यसअघि पनि संघको मधेश प्रदेश तदर्थ समितिका संयोजकको जिम्मेवारी बहन गरिसकेका छन् । उनी संघका केन्द्रिय कोषाध्यक्ष समेत हुन् ।

यस्तै संघको बरिष्ठ उपाध्यक्षमा गणेश थापा (सर्लाही), उपाध्यक्षमा सरोज सिंह (धनुषा), सचिवमा महेश प्रसाद गुप्ता (बारा) र कोषाध्यक्षमा प्रिता कुमारी चौधरी (सिरहा) निर्विरोध चयन भएका छन् ।

यस्तै सदस्यहरुमा मनोज मण्डल (धनुषा), अमरकान्त झा (सप्तरी), प्रदिप भट्राई (सर्लाही) र सन्दिप गुप्ता (बारा) चयन भएका छन् ।

त्यसैगरि सल्लाहकारमा प्रदेश सभा सदस्य सतिश कुमार सिंह (सप्तरी) तथा संघको केन्द्रिय उपाध्यक्ष समेत रहेका बिरेन्द्र प्रसाद यादव (धनुषा) लाई चयन गरिएको संघले जनाएको छ ।

निर्वाचित भएपछि अध्यक्ष झाले प्रदेशको तर्फबाट कबड्डीका योग्य खेलाडी उत्पादन तथा प्रदेशलाई माथि उठाउनका लागि विभिन्न कार्य योजना बनाएर अघि बढ्ने प्रतिक्रिया दिए ।

वडा, गाउँ, नगर, जिल्ला हुँदै प्रदेश स्तरको प्रतियोगिताहरु संचालनमा ल्याउने, तल्लो तहमा कबड्डीको प्रशिक्षणको ब्यवस्था मिलाउने, कबड्डीका गतिविधीलाई प्रदेशका सबै जिल्लाहरुमा लैजाने लगायतका विषय कार्य योजनामा समेटिने उनको भनाई छ ।

अधिवेशनमा प्रमुख अतिथि जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख दिनेश भुजेल, खेलकुद पत्रकार मञ्चका अध्यक्ष मनोज कुमार माझी, अखिल नेपाल कबड्डी संघका केन्द्रिय सदस्य सुनिल कुमार झा, जिल्ला कबड्डी संघका अध्यक्ष चन्द्रशेखर चौधरी लगायतले शुभकामना दिएका थिए ।

**मेनरोडमा कोठा भाडामा चाहिए सम्पर्क गरौं**

राजविराजको मुख्य बजार क्षेत्र मेनरोड राजविराज-४ स्थित कामना सेवा विकास बैंकको माथिल्लो तल्लामा कोठाहरु खाली रहेकाले बैंक, वित्तिय संस्था, सहकारी संस्था, विमा कम्पनी तथा व्यवसायीक प्रयोजनका लागी आवश्यक परे सम्पर्क गर्नु होला ।

**सम्पर्क नम्बर : ९८४२८२१०८२/९८१९७२५०८२**

**घातक विषादीको प्रयोग नगरौं।**

- विषादीको प्रयोगले क्यान्सर, मस्तिष्कसम्बन्धी रोग, छालाको एलर्जी, आँखा पोल्ने, रिंगटा लाग्ने, टाउको तथा शरीर दुख्ने जस्ता समस्याहरु देखिन सक्दछन्।
- विषादीको जथाभावी प्रयोगले मानिसको प्रजनन क्षमतामा समेत ह्रास आउन सक्छ।
- विषादीले पर्यावरणीय असन्तुलन निम्त्याउँदछ।
- माटोको उर्वराशक्तिमा ह्रास भई समग्र उत्पादकत्वमा ह्रास ल्याउँदछ।

त्यसैले,

कृषि उत्पादनमा हानीकारक विषादीको प्रयोग नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### गर्मीबाट जोगिन पानीलगायतका तरल पदार्थको सेवन आवश्यक

केहि दिन यता बिहानैदेखी बढेको अत्यधिक गर्मीका कारण जनजीवन कष्टकर बन्दै गएको छ। बिहानै ३० डिग्रि तापक्रम हुँदै दिउँसोसम्म ४१ डिग्री सम्म तापक्रम पुग्न थालेपछी जनजीवन अस्तव्यस्त बन्न पुगेको हो। जेठ दोस्रो साता सकिन लाग्दा पनि पानी पर्न नसक्दा गर्मी अत्यधिक बढेपछि जनजीवन प्रभावित भएको छ। चर्को घाम लाग्ने अनि हावा भने फिटिकै नचल्ने गरेका कारणले मानिसहरु गर्मीबाट जोगिन घर बाहिर कमै निस्कने गरेका छन्। समयमा मनसुन सूरु नहुँदा गर्मी अत्यधिक बढेको तथा केही दिन अझै यस्तो अवस्था रहने मौसमविदहरुको भनाइ छ।

यस्तै विगत केही दिनदेखी बढेको अत्याधिक गर्मीका कारण बालबालिकाहरुलाई विद्यालयमा पठनपाठन गर्न समस्या भइरहेको भन्दै सप्तरीका अधिकांश स्थानिय तहले सामुदायिक तथा निजि विद्यालयहरुमा विदा दिएको छ। बढेको अत्यधिक गर्मीका कारण विद्यालयमा हुने पठनपाठन एवम् विद्यार्थीहरुको स्वास्थ्यमा समेत गम्भिर असर पर्न सक्ने देखिएको हुनाले जेठ १९ गते शुक्रबारदेखी जेठ २३ गते मंगलबारसम्म विदा दिएको जनाएको छ। यता गर्मी बढ्दै जाँदा सबै भन्दा बढी बालबालिका तथा बृद्धबृद्धाहरु प्रभावित भएका छन्।

पछिल्लो एक सातादेखी मधेश प्रदेशका जिल्ला लगायत अन्य केही प्रदेशमा अत्यधिक गर्मीका कारण जनजीवन प्रभावित बनेको छ। तसर्थ गर्मीको असरले स्वास्थ्यमा धेरै प्रकारको प्रभाव पार्ने भएकाले आवश्यक सावधानी अपनाउदै बढ्दो गर्मीबाट जोगिन फलफूलको जुस, पानीलगायतका तरल पदार्थको सेवनलाई बढाउनु आवश्यक छ।

# वार्षिक तीन करोड घनफिट काठ आपूर्ति कसरी सम्भव हुन्छ ?

**भीष्मराज ओझा**
काठमाडौँ, २१ जेठ (रासस)।

नेपाल सरकारले आगामी आर्थिक बजेटमार्फत राष्ट्रिय, सामुदायिक तथा निजी वनको व्यवस्थापनबाट तीन करोड घनफिट काठ आपूर्ति गर्ने उल्लेख गरेको छ। यसबाट काठ र फर्निचरको आयात प्रतिस्थापनमा सहयोग पुग्ने सरकारको विश्वास छ।

अर्थमन्त्री डा प्रकाशशरण महतले यही जेठ १५ गते आव २०८०/८१ को बजेट वक्तव्य सार्वजनिक गर्दै सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा दिगो वन व्यवस्थापनसम्बन्धी कार्यक्रम सञ्चालन गरिने उल्लेख गर्नुभएको थियो। निश्चित मापदण्ड तयार गरी राष्ट्रिय, सामुदायिक तथा निजी वनको व्यवस्थापनबाट आगामी आवमा वार्षिक तीन करोड घनफिट काठ आपूर्ति गरिने बजेटमा उल्लेख छ।

हाल सरकारी र निजी गरी मुलुकभित्र वार्षिक करिब दुई करोड १० लाख घनफिट स्वदेशी काठ आपूर्ति भइरहेको वन तथा भू-संरक्षण विभागका उपमहानिर्देशक नवराज पुडासैनीले जानकारी दिनुभयो। उहाँका अनुसार मुलुकभित्र वार्षिक छ करोड ५० लाख घनफिट काठको आवश्यकता छ। बाँकी काठ विभिन्न मुलुकबाट आयात भइरहेको छ।

वन तथा वातावरण मन्त्रालयले बजेटमा उल्लेख भएअनुसार परिमाणको काठ आपूर्तिका लागि दिगो वन व्यवस्थापन कार्यक्रम अघि बढाउन आवश्यक कार्यविधि बनाइसकेको जनाएको छ। वन पैदावार सङ्कलन र सदुपयोग व्यवस्थितरुपमा अघि बढाउन खाका बनाइसकेको मन्त्रालयका सहसचिव एवं प्रवक्ता मेघनाथ काफ्लेले राससलाई जानकारी दिनुभयो।

"त्यही खाकाअन्तर्गत वन पैदावारको सङ्कलन सरलीकृत ढङ्गले हुने र बजारमा प्रवेशमा हुनेछ। दिगो वन व्यवस्थापन कार्यविधि मापदण्ड कार्यविधिलाई पारित गरी अघि बढ्छौँ। यी सबै काम अन्तिम चरणमा पुगिसकेको छ। वन नियमावलीलाई पनि संशोधन गर्न लागेको छौँ", प्रवक्ता काफ्लेले भन्नुभयो।

यसले ढलापडा, सुखा खडा र सड्न लागेका वन पैदावार सङ्कलन गर्न सहज हुनेछ। यसबाहेक आवश्यकताअनुसार वन व्यवस्थापन गरी बजेटमा उल्लेख भएअनुसारको थप काठ आपूर्ति गरिने उहाँले जानकारी दिनुभयो।

वनको दिगो व्यवस्थापन गर्न सक्ने हो भने सामुदायिक वनबाट मात्रै झण्डै वार्षिक १० करोड घनफिट काठ उत्पादन गर्न सकिने सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालको भनाइ छ। यसबाट आन्तरिक आवश्यकता आपूर्ति गरी बाँकी रहने काठ निर्यात गरेर वार्षिक ठूलो रकम आम्दानी गर्न सकिने महासङ्घका अध्यक्ष ठाकुर भण्डारीले तर्क गर्नुभयो।

"यसरी वन क्षेत्रको दिगो व्यवस्थापन गर्नसकेमा वार्षिक १३ लाख जनसङ्ख्याले प्रत्यक्ष रोजगार पाउनसक्ने देखिन्छ। यसले हाल विभिन्न मुलुकबाट भइरहेको काठको आयातलाई प्रतिस्थापन गरी निर्यातको दिशामा अगाडि बढाउन सकिन्छ", अध्यक्ष भण्डारीले भन्नुभयो।

**वार्षिक साढे सात अर्बको काठ आयात**

स्वदेशी काठ आपूर्तिको झन्झटिलो प्रक्रिया र कानुनी जटिलताका कारण हाल मुलुकभरका जङ्गलमा ठूलो परिमाणमा काठ सडेर खेर गइरहेको छ भने अर्कोतिर बर्सेनि अर्बौं रकम बराबरको काठ, काठजन्य सामग्री र फर्निचर आयात भइरहेको छ।

भन्सार विभागअनुसार गत आर्थिक वर्षमा मात्र विभिन्न मुलुकबाट रु सात अर्ब ४४ करोड ७८ लाख ७९ हजार बराबरको काठ, काठजन्य सामग्री र फर्निचर आयात भएको थियो। यसैगरी चालु आवको १० महिनामा रु चार अर्ब ८४ करोड ९१ लाख ७६ हजार काठ, काठजन्य सामग्री र फर्निचर आयात भएको विभागका निर्देशक एवं सूचना अधिकारी पुण्यविक्रम खड्काले जानकारी दिनुभयो।

वन नेपालको एक महत्वपूर्ण प्राकृतिक सम्पदा हो। देशका आर्थिक विकासका मेरुदण्डका रुपमा रहेका कृषि, पर्यटन, जलस्रोत, उद्योग आदिको आधारस्तम्भ पनि वन नै हो। देशको आर्थिक, सामाजिक एवं वातावरणीय क्षेत्रको विकासमा वनको उल्लेखनीय योगदान छ। देशको कूल भूभागको ४५ दशमलव ३१ प्रतिशत क्षेत्र वनले ढाकेको छ।

वन एक नवीकरणीय प्राकृतिक स्रोत भएकाले यसको समुचित व्यवस्थापनका माध्यमबाट वस्तु र सेवा उपलब्ध गराउँदै वनलाई समृद्धिको आधार बनाउनका लागि राष्ट्रिय योजना आयोगले १५औँ योजनामा समृद्धिका लागि वन कार्यक्रम रुपान्तरणकारी योजनामासमेत समावेश गरेको छ।

देशको झन्डै आधा भूभाग वनले ढाके पनि हाल विदेशबाट काठ आयात भइरहेको छ। यसलाई निरुत्साहित गर्न सरकारले वैज्ञानिक वन व्यवस्थापनका माध्यमबाट काठ, दाउराको सहज आपूर्ति गर्ने दूरगामी नीति लिएको छ। यसबाट देशको आर्थिक, सामाजिक र वातावरणीय क्षेत्रमा उल्लेख्य योगदान पुगी देशको समृद्धिमा थप टेवा पुग्न सक्छ।

सरकारले आगामी आवको बजेटमा वनलाई नागरिकको जीवन तथा समृद्धिसँग जोड्न बाँझो, खाली, ऐलानी, पर्ती र हैसियत बिग्रेको वन क्षेत्र तथा नदी उकास जमिनमा जडीबुटी, फलफूल, घाँसेबालीलगायतका खेती गरी कृषि-वन विकास गर्न कार्यक्रम सञ्चालन गरिने उल्लेख गरको छ।

प्रदेशसँगको सहकार्यमा आगामी वर्ष करिब तीन करोड बिरुवा वृक्षरोपण गर्ने सरकारको योजना छ। आगामी आवमा वन तथा वातावरण मन्त्रालयतर्फ रु १५ अर्ब ५६ करोड विनियोजन गरिएको छ।

# नागरिकता विधेयक प्रमाणीकरणबारे प्रतिपक्षद्वारा संसद्मा विरोध

काठमाडौँ, २१ जेठ (रासस)।

नागरिकता विधेयक प्रमाणीकरणसम्बन्धी विषय उठाएर प्रमुख प्रतिपक्ष नेकपा (एमाले) सहित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले संसद् अवरोध गरेका छन्।

प्रतिनिधिसभाको आइतबारको बैठकमा अर्थमन्त्री डा प्रकाशशरण महतले आर्थिक वर्ष २०८०/८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भ गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्ने कार्यतालिका थियो।

तर प्रतिनिधिसभाको बैठक सुरु भएलगत्तै प्रतिपक्ष दलहरुले नागरिकता विधेयकको कुरा उठाएर संसद् अवरोध गरेका हुन्। नागरिकता विधेयकलाई संसदीय प्रक्रियाबाटै पारित गरिनुपर्ने एमाले, रास्वपा र राप्रपाको माग छ।

एमाले प्रमुख सचेतक पदम गिरीले संवैधानिक प्रक्रियाअनुसार नागरिकता विधेयक संसद्मा प्रस्तुत हुनुपर्ने र त्यसलाई एक हप्ताभित्रै पारित गर्न सक्नेगरी संसद् चलाउनुपर्ने बताउनुभयो।

"प्रमाणिकरण गरिएको भनिएको नागरिकता विधेयक निष्क्रिय राखियोस्। नयाँ संशोधन प्रस्ताव संसद्मा प्रस्तुत गरियोस् र एक हप्ताभित्र घनीभूत ढङ्गले छलफल गरेर नागरिकताबिहीनलाई नागरिकता दिने प्रबन्ध गरियोस", गिरीले भन्नुभयो।

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियारले नागरिकता दिनु राज्यको दायित्व भए पनि नागरिकता विधेयक प्रमाणीकरण गर्दा त्यसको विधि र प्रक्रिया नमिलेको बताउनुभयो। "धेरै नागरिकले नागरिकता नपाएर उनीहरुलाई परेको समस्याबारे हामीलाई थाहा छ। तर यो गम्भीर परिस्थितिमा सरकारले विधेयक प्रमाणीकरण गर्दा विधि र प्रक्रिया बाहिर गएको हामी स्वीकार गर्दैनौँ", उहाँले भन्नुभयो, "नागरिकता विधेयक राजनीतिक विषय हो। यो नेपालको सुरक्षा, मानव अधिकार र भूराजनीतिकसँग जोडिएको विषय हो।"

**संशोधनको माग**

राष्ट्रिय प्रजातन्त्र पार्टीका संसदीय दलका नेता राजेन्द्र लिङ्लेनले राष्ट्रपति कुनै दल विशेष र सरकारको आदेशमा चलेको बताउनुभयो। "राष्ट्रपति मन्त्रिपरिषद्को कारिन्दा र आज्ञापालक होइन। दलको निर्देशनमा चलेको राष्ट्रपति संस्थाको औचित्यको प्रश्न छ", उहाँले भन्नुभयो, "जुन प्रक्रिया र जुन समयमा नागरिकता विधेयक प्रमाणीकरण गरियो, त्यसको राष्ट्रिय प्रजातन्त्र पार्टी घोर भर्त्सना र विरोध गर्दछ। हामी चाँडोभन्दा चाँडो त्यसलाई प्रक्रियामा ल्याएर संसद्बाट अगाडि बढोस् भन्ने चाहान्छौँ।"

लिङ्देनले गणतन्त्र दिवसका अवसरमा राष्ट्रपतिबाट भएको आममाफीका विषयमा पनि प्रश्न उठाउनुभयो। प्रतिपक्ष दलको विरोधपछि प्रतिनिधिसभाको अर्को बैठक आइतबारै एक घण्टापछि बस्नेगरी स्थगित भएको छ।

**राष्ट्रियसभाको बैठक अवरोध**

नेकपा (एमाले)ले नागरिकता विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भएको विरोधमा राष्ट्रियसभाको आइतबारको बैठक अवरुद्ध पारेको छ।

बैठक सुरु हुने वित्तिकै एमालेका सांसदहरुले राष्ट्रपतिद्वारा प्रमाणीकरण भएको नागरिकता

*बाँकी चार पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# जलवायु परिवर्तनको चुनौति र स्थानीय तहको भूमिका

## सन्दर्भ : विश्व वातावरण दिवस

आज जुन ५ तारिख, विश्व वातावरण दिवस। विश्व पर्यावरणप्रति वैश्विक स्तरमा राजनीतिक र सामाजिक जागृति ल्याउने उद्देश्यले संयुक्त राष्ट्र संघको आह्वानमा सन् १९७३ देखि विश्व वातावरण दिवस मनाउन शुरु गरिएको हो। संयुक्त राष्ट्रसंघको महासभाले गरेको घोषणा तथा संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको अग्रसरतामा जुन ५ तारिखका दिन विश्वब्यापी रुपमा यो दिवस मनाउने गरिएको छ। नेपालमा यसबर्ष *"प्लाष्टिकजन्य प्रदुषण निर्मूल पारौं : वातावरणमैत्री विकल्पको उपयोग गरौं"* भन्ने नारा तय गरिएको छ भने संयुक्त राष्ट्रसंघले *"सोलुशन टु प्लाष्टिक पोलुशन"* नारा तय गरेको छ।

विश्वभर वातावरण दिवस मनाईरहँदा पछिल्लो एक सातादेखि बढ्दै गएको तापक्रमले जनजीवन प्रभावित बनेको छ। तापक्रममा भएको अत्यधिक वृद्धिका कारण तराई मधेशकाकेही जिल्लाहरुमा विद्यालय बन्द गरिएको छ। तराई मधेशका जिल्लाहरुमाआगामी आइतबारसम्म अत्यधिक गर्मी रहने अनुमान गरिएको छ। जल तथा मौसम विज्ञान विभागले सतर्कता तथा सावधानी अपनाउन भनी बुलेटिन नै जारी गरेको छ। अत्यधिक गर्मीका कारण लु लाग्न सक्ने समेत बताइएको छ। गर्मीका कारण थकाई लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने,बेहोस हुने, मांसपेशीहरु दुख्ने, बान्ता हुने जस्ता जोखिमहरु हुन सक्ने भएकोले सतर्कता तथा सावधानी अपनाउन भनिएको छ।

तराई मधेशमा बढ्दै गएको तापक्रम पछिल्लो कैयौं बर्षहरुको तुलनामा अत्यधिक हो। कार्बन उत्सर्जन बढिरहेको कारण विश्वको तापमान तीव्र गतिमा बढिरहेको छ। हानिकारक ग्यासले गर्दा नै विश्वमा छैठौं महाविनाश हुने वैज्ञानिकहरुको कथन छ। जलवायु परिवर्तनको अवस्था अहिले विश्वब्यापी रुपम पहिलो खतराको रुपमा देखापरेको छ। जलवायु परिवर्तनबाट हुने असरकोहिसाबले नेपाल अति प्रभावित मुलुकहरुमध्ये चौथो स्थानमा रहेको छ। जुन सर्वोच्च जोखिमपूर्ण अवस्था हो। बाढी, पहिरो तथा भुकम्प जस्ता प्राकृतिक प्रकोपहरुबाट नेपाल उच्च जोखिममा छ। भुकम्पको जोखिमको हिसाबले नेपाल ११औं स्थानमा रहेको छ भने मिश्रित विपदहरुको जोखिमका सन्दर्भमा १६औं स्थानमा रहेको छ।

जलवायु परिवर्तनको दृष्टिकोणले चौथो स्थानमा रहनु भनेको हाम्रो मुलुक नेपाल सर्वोच्च जोखिम रहनु हो। एकातिर जलवायु परिवर्तनका असरहरुबाट पनि उच्च जोखिममा रहेको छ भने अर्कोतिरतापक्रम बढ्दै जानुको साथै वर्षा पनि अनियमित हुने गरेको छ।जलवायु परिवर्तनका कारण खडेरी, बाढी तथा प्रतिकुल मौसम आइपर्नु जस्ता प्राकृतिक प्रकोपहरुको सम्भावना बढ्दै गएको छ। जसको फलस्वरुप महामारी र सुख्खापन फैलिनुका साथै समुदायको जनजीवन र कृषि उत्पादनमा प्रतिकुल असर परिरहेको छ। जलवायु परिवर्तनले सबै क्षेत्रमा असर पार्ने भएतापनि विपदको अवस्थामा बालबालिका सबैभन्दा बढी जोखिममा पर्ने गर्दछन्। यस्ता प्रकोपहरुले बालबालिकालाई शारीरिक र मानसिक जोखिम पार्नुको साथै वयस्कहरुमा भन्दा उनीहरुमा उक्त असर लामो समयसम्म रहन्छ।

बाढी र पहिरो जस्ता यससँग सम्बन्धित जोखिमहरु विद्यमान उच्च गरिबी र खानेपानी तथा सरसफाई जस्ता अत्यावश्यक सेवाहरुको पहुँचसँग मिसिन जान्छ। मधेश प्रदेशले कैयौं पटक खडेरी र बाढीको सामना गरिसकेको छ। जलवायु परिवर्तनले सर्वव्यापी चुनौतीहरु खडा गर्ने भएतापनि यसको सामनाका लागि बालबालिका र जोखिममा रहेका परिवार तथा समुदायमाथि विशेष ध्यान दिनु अत्यन्तै जरूरी हुन्छ। विपद तथा जलवायुजन्य जोखिम मुल्यांकन र बालबालिकामाथिको जोखिमका साथै उनीहरुको विशेष आवश्यकताहरुको महत्वलाई जोड दिनका लागि बालबालिका केन्द्रित विपद जोखिम न्युनीकरण कार्यक्रमको प्रबर्द्धन गर्नु आवश्यक छ।


राजेश झा

नेपालमा बाढी, पहिरो र डुबान तथा आगलागीजस्ता जलवायुजन्य जोखिमको संकट हरेक वर्ष बढ्दो छ। जलवायु परिवर्तनको संकटको बढ्दो प्रकृति र प्रभावलाई हेरेर वैज्ञानिकहरू जलवायु परिवर्तन नभनेर जलवायु संकट भन्नुपर्ने जिकिर गर्दै आएको छ। गृह मन्त्रालयले प्रकाशन गरेको राष्ट्रिय विपद् प्रतिवेदन सन् २०१९ का अनुसार बाढी, पहिरो, चट्यांग, आगलागी, शीतलहरलगायतका जलवायुजन्य विपद्का कारण सन् २०१७ र २०१८ मात्र ९ सय ६८ जना मानिसले ज्यान गुमाएका थिए।

बढ्दो तापक्रमका कारण हिमाली भेगमा रहेको हिउँ पग्लिने क्रम बढ्दो छ जसले गर्दा हिमाल सबैभन्दा बढी खतरामा रहेको छ। हिमनदीहरुको क्षेत्रफल पछिल्लो ३० बर्षमा २४ प्रतिशतले घटेको अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र(ईसिमोड) को अध्ययनले देखाएको छ। विश्वव्यापी जलवायु सम्बन्धीपेरिस सम्झौताबमोजिम सबै देशले तापक्रम वृद्धिलाई नियन्त्रण गरेर डेढ डिग्रीमा सीमित गर्दा पनि त्यसको असर हिमाली क्षेत्रमा डरलाग्दो पर्ने जलवायु परिवर्तनका जानकारहरु बताउँछन्। अहिले नै विश्व तापक्रम १दशमलव १ डिग्रीले बढिसक्यो। त्यसलाई १ दशमलव ५ डिग्रीमा सीमित पार्दा पनि हाम्रो हिमाली क्षेत्रको एकतिहाइ हिउँ पग्लिने इसिमोडको अध्ययनले देखाएको छ।

संयुक्त राष्ट्रसंघको जलवायु परिवर्तन सम्बन्धी अन्तरसरकारी प्यानल(आईपीसीसी)ले प्रकाशन गरेका छैटौं प्रतिवेदनको पहिलो र दोस्रो कार्यसमूहको प्रतिवेदनले जलवायु परिवर्तनको असरका कारण मानवीय, जैविक विविधता र वातावारणीय पद्धतिमा नै खलबल ल्याउने परिकल्पना गरेको छ। पेरिस सम्झौताअनुसार पृथ्वीको तापक्रम १ दशमलव ५ डिग्री सेल्सियसमा सीमित राख्ने भनिएको छ। तर विगत २० वर्ष मै पृथ्वीको तापक्रम १दशमलव १ डिग्री सेल्सियसले बढेको तथ्यले झस्काएको अवस्था छ।

विश्वमै सबैभन्दा बढी हरितगृह ग्यास उत्सर्जन गर्ने देशहरुमा छिमेकी राष्ट्र चीन र भारत नै रहेको पछिल्लो तथ्यांकहरुले देखाएको छ। धेरै जनसंख्या हुने राष्ट्रले उद्योगधन्दामार्फत वस्तु र सेवाको उत्पादन र उपभोग पनि धेरै गर्नाले त्यसको सिधा सम्बन्ध हरितगृह ग्यास उत्सर्जनसँग हुने गर्छ। विश्वमै सबैभन्दा बढी जनसंख्या भएका यी दुई देश चीन र भारतले गरेको हरितगृह ग्यास उत्सर्जनको प्रत्यक्ष नकारात्मक असर मुख्यगरी नेपालका उच्च हिमाली क्षेत्रमा परिरहेको अवस्था छ।

सम्भावित जलवायुजन्य विपद्बाट हाम्रा हिमाल बचाउन अहिले नै पाइला चालिएन भने भविष्यमा त्यसबाट बच्न झन् ठूलो मूल्य चुकाउनुपर्ने हुन्छ। वातावरणीय प्रभाव अध्ययनबिनाको भौतिक विकास जलवायुजन्य जोखिमलाई निम्त्याउने गरेको छ। तर, हाम्रो देशमा वातावरणीय अध्ययन र यसले औंल्याएका विकल्प र प्रभाव न्यूनीकरणका उपायलाई कार्यान्वयन गर्ने विषयलाई एउटा भन्न्भन्टिलो प्रक्रियाको रूपमा लिने प्रवृति छ। विकास निर्माण गर्ने निकाय र निजी क्षेत्रले वातावरण संरक्षणमा इमान्दारिता देखाउन सकेको छैन। त्यसको मार जनताको जीविकोपार्जन र समग्र राष्ट्रिय अर्थतन्त्रमा परेको छ।

जलवायु परिवर्तनको संकटबाट बच्न र दिगो विकासको लक्ष्यसँगै आर्थिक समृद्धि हासिल गर्ने हो भने जलवायु परिवर्तनलाई एउटा अवसर ठान्नुपर्ने विज्ञहरुको कथन छ।विश्वले कबुल गरेबमोजिम नै तापक्रम वृद्धिको गति घटाउन सके पनि हिमाली देशहरूका निम्ति त्यो अपर्याप्त हुनसक्छ।नेपाल सरकारले राष्ट्रसङ्घलाई दिएको दस्तावेजमा नेपालले विश्वव्यापी तापक्रम वृद्धि रोक्ने दिशामा हरितगृह ग्यास उत्सर्जन कटौती गर्ने शून्य कार्बन उत्सर्जनको लक्ष्य सन् २०५० सम्म भेट्ने जनाएको छ। कार्बन उर्त्सजनमा ठूलो योगदान रहेको चीनले सन् २०६० सम्म कार्बन उत्सर्जनलाई शुन्यमा झार्ने प्रतिबद्धता जाहेर गरेको छ।

नेपालको वर्तमान पन्ध्रौं योजना (२०७६-०८१) मा जलवायु परिवर्तनमा जलवायु उत्थानशील समाजको निर्माण गर्ने सोच, जलवायु परिवर्तन अनुकूलन क्षमता अभिवृद्धि तथा प्रतिकूल प्रभावको न्यूनीकरणबाट दिगो समाज निर्माणमा योगदान गर्ने लक्ष्य तथा जलवायु परिवर्तनको प्रतिकूल प्रभावबाट पेरिस सम्झौताअनुरूप न्यूनीकरण गर्दै अनुकूलन क्षमताको अभिवृद्धि गर्नु, जलवायु परिवर्तन न्यूनीकरणका लागि वातावरण मैत्री स्वच्छ ऊर्जा र हरित विकास अवधारणा कार्यान्वयन गर्ने जलवायु परिवर्तन न्यूनीकरणका लागि वातावरणमैत्री स्वच्छ ऊर्जा र हरित विकास अवधारणा कार्यान्वयन गर्ने उद्देश्य राखिएको छ।

उक्त उद्देश्य पूरा गर्न जलवायु परिवर्तन व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहमा आवश्यक नीतिगत र संस्थागत सरचनामा सुधार एवम् क्षमता अभिवृद्धि गर्ने, समुदायको संकटासन्नता घटाई समयानुकूलित तुल्याउन राष्ट्रिय, प्रादेशिक एवम् स्थानीय अनुकूलन योजना कार्यान्वयन गर्नु आवश्यक छ। जलवायु परिवर्तन न्यूनीकरणका लागि हरित विकासको अवधारणा अवलम्बन गर्ने, स्वच्छ ऊर्जा प्रवर्द्धन गर्ने, जलवायु वित्तमा सहज पहुँचका लागि अन्तर्राष्ट्रिय स्तरमा पैरवी गर्दै सम्भावित लाभहरूलाई प्रदेश, स्थानीय तह र समुदायसम्म पुऱ्याउन जलवायु परिवर्तनका क्षेत्रमा अध्ययन अनुसन्धान तथा क्षमता विकासका कार्यहरू गर्ने रणनीति अवलम्बन गरिएको छ।

नेपालमा जलवायु परिवर्तनलाई सधैं चुनौतीका रूपमा मात्र नलिई यसलाई एउटा अवसरको रुपमा पनि लिनु पर्दछ। निजी क्षेत्र र युवा पिँढीलाई जलवायु परिवर्तनतर्फ आकर्षण गर्नुआवश्यक छ। भनिन्छ, बालबालिका परिवर्तनका संवाहक हुन्। बालबालिकामार्फत विपद्जन्य घटनाहरुबाट जोगिन सन्देश प्रवाह गर्दा प्रभावकारी हुने गरेको छ। यसकोलागि विगतमा युनिसेफको सहयोगमा सञ्चालन गरिएको बालकेन्द्रीत विपद् जोखिम न्यनुीकरण कार्यक्रमले ल्याएको नतिजालाई हेर्दा स्पष्ट हुन्छ। विगतमा तराई मधेश तथा पहाडका जिल्लाहरुमा सञ्चालित बालकेन्द्रीत विपद् जोखिम न्युनीकरण कार्यक्रमको प्रभावलाई मार्गदर्शकको रुपमा लिएर कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न सके फलदायी हुने देखिन्छ। बालबालिकामार्फत विपद् र यसबाट हुने सक्ने जोखिम तथा असरहरुका बारेमा सचेतनामुलक कार्यक्रम गर्दा अत्यन्तै प्रभावकारी भएको कतिपय उदाहरणहरु छन्।

जलवायु परिवर्तन, यसका असर र यसबाट जोगिन अवलम्बन गर्नुपर्ने उपायहरुका बारेमा समुदायलाई सचेत गराउनु अति आवश्यक देखिएको छ। यसकालागि बालबालिकालाई परिचालन गर्न सके उपयोगी हुने देखिन्छ।बालअधिकार महासन्धीले पनि बालबालिकाहरुलाई संगठित हुने अधिकार दिएको छ। जसअन्तर्गत सबै पालिका तथा विद्यालयहरुमा बाल क्लब गठन गरिएको छ। बाल क्लबका सदस्यहरुको क्षमता विकास गरी उनीहरुलाई परिचालन गर्नुपर्ने जरुरी देखिन्छ। जलवायु परिवर्तन सम्बन्धी सन्देश प्रवाह गर्न बालबालिका भरपर्दा र विश्वासिलो माध्यम हुन सक्छ। समुदायमा आधारित र विद्यालयमा आधारित बाल क्लबका सदस्यहरुको क्षमता विकास गर्नु आवश्यक छ। विद्यालयको माध्यमबाट जलवायुजन्य प्रकोपहरुको बारेमा समुदायलाई समेत सचेत गराउन सकिन्छ।

आगामी आर्थिक बर्ष २०८०/०८१ कोलागि योजना तर्जुमा गर्ने प्रक्रिया अहिले सबै पालिकामा सञ्चालन भएको अवस्था छ। योजना तर्जुमाको वस्ती स्तरबाटै जलवायु परिवर्तनका कारण समुदायले झेलिरहेको समस्याहरुलाई सम्बोधन गरी तत् अनुसारको समाधानका उपायहरु पहिल्याउनु जरुरी छ। ती समाधानका उपायहरुलाई स्थानीय तहको योजनामा समावेश गरी कार्यक्रमको प्रभावकारी र दिगो कार्यान्वयन गर्नु आवश्यक छ। विपद् व्यवस्थापन तीनै तहको सरकारको साझा कार्य भएपनि स्थानीय तह सबैभन्दा बढी जिम्मेवार हुन्। स्थानीय तहमार्फत जलवायुजन्य प्रकोपको सामना गर्न योजनाहरु तर्जुमा हुनु पनि त्यतिकै जरुरी छ। सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्नुपर्ने भनी नेपाल सरकारले पनि प्रतिबद्धता जनाएको अवस्था छ। उक्त प्रतिबद्धता पूरा गर्न स्थानीय तहहरुको महत्वपूर्ण भूमिका रहेको छ।

विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन तथा राष्ट्रिय विपद जोखिम न्युनीकरण नीति तथा रणनीतिक कार्य योजनाले पनि जलवायु परिवर्तनलाई ध्यानमा राखेर कार्य गर्नुपर्ने ब्यवस्था गरेको छ। यी दस्तावेजहरु विपद जोखिम न्युनीकरण सम्बन्धी सेन्डाई फ्रेमवर्कलाई स्थानीय तहहरुले मार्गनिर्देशकको रुपमा लिनु जरुरी छ। स्थानीय विपद तथा जलवायु प्रतिरक्षा योजना, राष्ट्रिय अनुकुलन कार्यक्रम र स्थानीय अनुकुलन योजनाको विकास तथा प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरकारले इमान्दार पहल गर्नुपर्ने आवश्यकता रहेको छ।

स्थानीय तहहरुले सघन रुपमा वृक्षारोपण अभियान, विद्यालयहरुमा करेसाबारी तथा वृक्षारोपण, पोखरीहरुको जिर्णोद्धार तथा संरक्षण, माछापालन पोखरी निर्माण गरी जिविकोपार्जनमा विविधीकरण ल्याउने, पानीको पुनःप्रयोग गर्ने नीति बनाउनुपर्ने खालका योजनाहरुलाई प्राथमिकतामा राख्नु जरुरी छ। तसर्थ, स्थानीय तहहरु जिम्मेवार र ईमान्दार भई यसतर्फ कदम चाल्नुपर्छ। *(झा, तिलाठी कोइलाडी गाउँपालिका सप्तरीका विपद् व्यवस्थापन अधिकृत हुन्।)*

## विश्व समाचार

### पाकिस्तान र अफगानिस्तान विश्वकै खाद्य अभावका 'हटस्पट' बन्ने जोखिममा

काबुल, २१ जेठ (रासस/एएनआई)।

दक्षिण एशियाली मुलुक पाकिस्तान र अफगानिस्तानमा आर्थिक एवम् राजनीतिक सङ्कट गहिरिदै जाँदा दुवै देश विश्वकै खाद्य अभावका 'हटस्पट' बन्ने जोखिम बढेको छ। संयुक्त राष्ट्रसङ्घीय निकाय खाद्य तथा कृषि सङ्गठन (एफएओ) र विश्व खाद्य कार्यक्रम (डब्ल्युएफपी) ले पाकिस्तान र अफगानिस्तानमा बढिरहेको खाद्य असुरक्षालाई दृष्टिगत गरी त्यो आगामी महिनाहरूमा अझ चर्किने सम्भावना रहेको जनाउँदै दुवै राष्ट्रलाई अभावको केन्द्र (हटस्पट) बन्नसक्ने प्रारम्भिक चेतावनी दिइएको खामा प्रेसले जनाएलस्को छ।

खाद्य सुरक्षासम्बन्धी एफएओ र डब्ल्युएफपीले संयुक्त रूपमा प्रकाशन गरेको पछिल्लो प्रतिवेदनमा पाकिस्तान र अफगानिस्तानका बारेमा चेतावनी दिइएको छ। ती देशमा खाद्यान्नको सञ्चित घट्दै गएको, दुई दशक लामो द्वन्द्वले अस्तव्यस्त भएको अफगानिस्तानको राजनीतिक प्रणाली, तालिवान सत्तामा आएपछिको अवस्था, विषम भूगोल एवम् जलवायु, अघिल्लो वर्षको बाढीबाट पाकिस्तानको कृषि क्षेत्रमा भएको व्यापक क्षति, जारी राजनीतिक एवम् आर्थिक सङ्कटले खाद्य असुरक्षा बढाएको स्वतन्त्र पत्रकार नोमान हुसेनले खामा प्रेसलाई बताएका छन्।

डब्ल्युएफपीको प्रतिवेदनमा मध्य अफ्रिकी गणतन्त्र, इथियोपिया, केन्या, प्रजातान्त्रिक गणतन्त्र कङ्गो र सिरिया र म्यान्मारलाई पनि खाद्य अभावको उच्च जोखिम रहेका देशका रुपमा चित्रण गरिएको छ। खाद्य असुरक्षा भएका यी सबै देशको जनजीवन दुईछाक भरपेट खान नपाएर कष्टकर हुने चेतावनी दिइएको छ।

अहिले नै अफगानिस्तानका ७० प्रतिशत जनताको यस्तो अवस्था छ। सन् २०२१ को अगष्टमा तालिबानले सत्ता सम्हालेपछि अफगानिस्तान असुरक्षित भएको छ। अन्तरराष्ट्रिय समुदायले तालिबान नेतृत्वको सरकारलाई मान्यता दिएको छैन। राजनीतिक उथलपुथलका अतिरिक्त पाकिस्तानलाई उसको अहिलेको आर्थिक अवस्थाबाट पार लगाउन अन्तरराष्ट्रिय मुद्रा कोष (आईएमएफ) को वित्तीय सहायता 'प्याकेज'मा विगत सात महिनादेखि विलम्ब भएको छ। प्रतिवेदनमा देशको उत्तरपश्चिममा बढ्दो असुरक्षाको बीच आगामी अक्टोबरमा हुने आमचुनाव अघि राजनीतिक सङ्कट र नागरिक अशान्ति अझ चर्कने आकलन गरिएको छ।

विदेशी मुद्रा सञ्चितिको अभाव र पाकिस्तानी मुद्राको अवमूल्यनले पाकिस्तानको आयात क्षमता घटेको छ। अत्यावश्यक खाद्यवस्तु र ऊर्जाको अकल्पनीय मूल्यवृद्धि लाखौं पाकिस्तानी मारमा परेका छन्। राजनीतिक अस्थिरताले पनि देशको अर्थतन्त्रमा गम्भीर असर भएको छ।

### सोमालियामा भएको आक्रमणमा ५४ शान्ति सैनिक मारिए

कम्पाला, २१ जेठ (रासस/एएफपी)।

अफ्रिकी संघ शान्ति सेनाको रूपमा सेवा गरेका कम्तीमा ५४ जना सैनिक आतङ्ककारीले आक्रमण गर्दा मारिएका छन्। युगान्डाका राष्ट्रपति योवेरी मुसेभेनीले गत हप्ता सोमालियास्थित आधार शिविरमा आतङ्ककारीले आक्रमण गर्दा ती शान्ति सैनिक मारिएको बताउँनु भएको छ। मुसेभेनीले शनिबार आफ्नो ट्विटर पोस्ट गरेको विज्ञप्तिमा सो बारे लेखिएको छ, "हामीले एक कमाण्डरसहित ५४ सैनिकको शव फेला पार्यौं।"

### आसाममा १६ करोडको लागु औषध बरामद

आसाम, २१ जेठ (रासस/एएनआई)।

आसाम प्रहरीले शनिबार १६ करोड रुपैयाँ बारबरको लागुऔषध बरामद गरेको छ। प्रहरीको लागुऔषध नियन्त्रण अभियान अन्तर्गत कारबाही गर्दा दुई जना कारोबारीसहित उक्त परिमाणको लागुओषध बरामाद भएको हो। गोप्य सूचनाका आधारमा काछार जिल्ला प्रहरीको टोलीले शनिबार राति सिलचरको कातागष्टल क्षेत्रमा अप्रेसन गरी करिब २.२ केजी हेरोइन बरामद गरेको जिल्लाका अतिरिक्त प्रहरी उपरीक्षक सुब्रत सेनले बताएका छन्। उनले भने, "हामीले २.२ किलोग्राम हेरोइनसहितको एक सय ४३ साबुनका बट्टा बरामद गरेका छौं। सोको अभियोगमा दुईजना अभियुक्तलाई पक्राउ गरेका छौं। बरामद लागुऔषधको बजार मूल्य करिब १६ करोड रुपैयाँ अनुमान गरिएको छ। हाम्रो अनुसन्धान जारी छ।" साथै केन्द्रीय राजधानीमा पनि प्रहरीले लागुऔषध ओसारपसारका गतिविधिमाथि कडा निगरानी गरिरहेको छ।

### इरानबाट दुई हजार १०६ अफगान शरणार्थी स्वदेश फर्किए

काबुल, २१ जेठ (रासस/सिन्ह्वा)।

अफगानिस्तानको शरणार्थी तथा स्वदेश फिर्ता मामिला मन्त्रालयले आइतवार विज्ञप्तिमार्फत छिमेकी इरानबाट कुल २,१०६ अफगान शरणार्थी शनिबार स्वदेश फर्किएको उल्लेख छ। "इरानमा शरणार्थीका रूपमा वर्षौंसम्म बसेका २,१०६ अफगानी शरणार्थी शनिबार आफ्नो मातृभूमि अफगानिस्तान फर्किएका छन्। शरणार्थीलाई उनीहरूको देश फर्काउने प्रक्रिया जारी छ," विज्ञप्तिमा भनिएको छ। यसअघि मे ३१ मा मन्त्रालयले इरानबाट करिब २,८०० अफगान शरणार्थी फिर्ता भएको जानकारी दिएको थियो। गत जनवरीदेखि करिब ६०,००० अफगान शरणार्थी इरानबाट स्वदेश फर्किएका छन्। २५ लाखभन्दा बढी दर्ता भएका अफगान शरणार्थी इरानमा बस्दै आएका छन् र त्यति नै संख्यामा अफगान शरणार्थी पाकिस्तानमा बसिरहेका छन्। अफगानिस्तानको कामचलाउ सरकारले विदेशमा रहेका अफगान शरणार्थीलाई स्वदेश फर्कन र पुनःनिर्माण प्रक्रियामा योगदान दिन आह्वान गर्दै आएको छ।

# मानवअधिकारकर्मी पोखरेल पुरस्कृत



**दैनिक समाचारदाता**
**जनकपुरधाम, २१ जेठ ।**

सप्तरी जिल्लामा रहेर मानवअधिकारको अभिलेख, प्रसार र पीडितको न्यायकालागि काम गर्दै आएका मनोहर पोखरेल आइतबार जनकपुरमा पुरस्कृत भएका छन् ।

कार्यक्रमका प्रमुख अतिथि मधेस प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलले दोसल्ला ओढाएर, इन्सेक अध्यक्ष डा. कुन्दन अर्यालले प्रंशसापत्र हस्तान्तरण गरेर तथा कोषाध्यक्ष गीता बरालले माला पहिऱ्याएर सम्मान गरेका हुन् ।

नेपाल मानवअधिकार वर्ष पुस्तक २०२३ को ३१औं अंकको काठमाडौंमा विमोचन र सबै प्रदेशको राजधानीमा पुस्तक सार्वजनिकरण भएसँगै पुरस्कृत हुनेहरुको नाम सार्वजनिक भएको थियो ।

सप्तरी जिल्लामा रहेर मानवअधिकारको अभिलेख र प्रसारको काम गर्दै आएका पोखरेल चारपटक महिनाको उत्कृष्ट प्रतिनिधिबाट समेत पुरस्कृत भइसकेका छन् ।

२०७६ सालदेखि सुरु भएको महिनाको उत्कृष्ठ पुरस्कारमा चार पटक पुरस्कार प्राप्त गरिसकेका पोखरेल मानवअधिकारका समसामयिक विषय र आधारभूततहका मानिसहरूको अधिकारका सवालमा कलम चलाउनुका साथै पीडितको न्याय प्राप्तिका लागि वकालतगर्दै आएका छन् ।

# अवैध सम्पत्तिलाई स्वत : वैध तुल्याउने कदमप्रति टिआइ नेपालको आपत्ति

काठमाडौँ, २१ जेठ (रासस) ।

अवैध तरिकाले आर्जित सम्पत्तिलाई स्वतःवैध तुल्याउन मार्ग प्रशस्त गर्ने व्यक्ति र समूह विशेषको स्वार्थप्रति लक्षित विषयलाई नीतिगत निर्णयको नाम दिएर दण्डहीनतालाई प्रश्रय गर्ने कदमप्रति ट्रान्सपरेन्सी इन्टरनेशनल (टिआइ) नेपाल र आबद्ध संस्थाले आपत्ति जनाएका छन् ।

टिआइ नेपाल र यससँग आबद्ध संस्थाको भेलाले यस्तो निर्णय गरेको अध्यक्ष पद्मिनी प्रधानाङ्गले जारी दिनुभएको विज्ञप्तिमा उल्लेख छ । भ्रष्टाचार, अवैध सम्पत्तिको चलखेल, दण्डहीनता र कुशासनले मुलुकलाई खोक्रो पार्दै लगी असफल राष्ट्र बनाउनसक्ने भएकाले ठूलठूला भ्रष्टाचारका मामिलामा कारबाही नै नचल्ने र तिनमा संलग्न उच्चपदस्थले स्वतःउन्मुक्ति पाउने परिस्थिति सिर्जना गर्ने प्रवृत्तिप्रति टिआइ नेपाल आबद्ध भ्रष्टाचार विरोधी संस्थाले आपत्ति जनाएका हुन् ।

"आफ्नै नागरिकलाई अनागरिक बनाएर कीर्ते कागजात तयार गरी शरणार्थीका रुपमा विदेश पठाउन कार्यपालिकाका वरिष्ठ सदस्यको संलग्नतामा सङ्गठित अपराध गरिने जस्ता आपत्तिजनक कार्यप्रति यो भेला तीव्र खेद प्रकट गर्दछ, यसै क्रममा हरेक दृष्टिले प्रत्युत्पादक ठहरिएको सांसद विकास कोषलाई अर्कै नाममा जगाई हरेक सांसदका नाममा रु पाँच करोड बजेट छुट्याउने र तलदेखि माथिसम्मका सबै अदालतले जघन्य फौजदारी अपराधमा दोषी ठहऱ्याएका व्यक्तिको सजाय मिनाहा गर्ने जस्ता हालका क्रियाकलापले मुलुकमा भ्रष्टाचारलाई संस्थागत र दण्डहीनतालाई थप बलियो बनाएको छ", विज्ञप्तिमा भनिएको छ ।

राजनीतिक एवं आर्थिक स्वार्थका लागि मुलुकका कानुन र न्यायप्रणाली समेतलाई सर्वथा निस्तेज र अर्थहीन तुल्याउने कृत्य मुलुक एवं लोकतन्त्रका लागि प्रत्युत्पादक हुने ठहर पनि भेलाले गरेको छ । यसले मुलुकलाई सङ्कटको भुमरीतर्फ धकेल्न सक्नेतर्फ भेलाले मुलुकको जिम्मेदारी लिएर बसेका सबै राजनीतिक दल, संसद्, सरकार र नेपाली जनता समेतलाई सचेत गराएको छ । भ्रष्टाचार, अवैध सम्पत्तिको चलखेल, दण्डहीनता र कुशासनको प्रवर्द्धन गर्ने सबै निर्णय फिर्ता लिई मुलुकलाई सदाचार र सुशासनको बाटोमा अघि बढाउन टिआइ नेपाल र यससँग आबद्ध मुलुकभरका संस्थाको भेलाले सरकारको ध्यानाकर्षण गराएको छ ।

भेलामा महिला जागरण सङ्घ, इलाम, नागरिक सरोकार मञ्च, मोरङ, मानव अधिकार र वातावरण विकास केन्द्र नेपाल, उदयपुर, मानव अधिकार सचेतना तथा विकास केन्द्र, दोलखा, भ्रष्टाचारविरुद्ध अभियान, चितवन, सुशासनका लागि नागरिक समाज, पोखरा, पारदर्शी नेपाल सिद्धार्थनगर, रुपन्देही, पारदर्शी सरोकार समूह र बुटवल रुपन्देही, सुशासन अभियान गुल्मी, बागेश्वरी असल शासन क्लब, बाँके, नेपालगञ्ज नागरिक सरोकार सङ्घ, सुर्खेत, सदाचारका लागि सामाजिक पहल, धनगढी, समाज कल्याण समाज, दार्चुलाका प्रतिनिधिको सहभागिता थियो ।

## नागरिकतासम्बन्धी ...

भदौमा तत्कालीन सभामुख अग्नि सापकोटाले प्रमाणीकरणका लागि फेरि राष्ट्रपतिससमक्ष पठाए ।

संविधानको धारा ११३ ९४० अनुसार राष्ट्रपति भण्डारीले उक्त विधेयक १५ दिन अर्थात ५ असोजभित्र प्रमाणीकरण गर्नुपर्ने थियो । तर उनले त्यसलाई प्रमाणीकरण नगरी त्यत्तिकै थन्क्याएर राखेकी थिइन् ।

## नागरिकता विधेयक ...

विधेयकबारे आपत्ति जनाउँदै उठेर अवरोध गर्नुभएको थियो । एमाले सांसद भैरव सुन्दर श्रेष्ठले राष्ट्रपतिबाट नागरिकता विधेयक प्रमाणीकरण भएको भन्दै सच्याउनुपर्ने माग गर्नुभयो ।

"राष्ट्रपतिले नागरिकता विधेयकलाई प्रमाणीकरण गर्नुभएको छ, वंशजको आधारमा नागरिकता पाउनुपर्छ भन्ने विषयमा नेकपा एमाले प्रष्ट छ, तर संसदलाई छलेर मन्त्रिपरिषद्को निर्णयबाट प्रमाणीकरणका निम्ति राष्ट्रपति समक्ष पठाउने काम आपत्तिजनक, गैरलोकतान्त्रिक र गैरसंवैधानिक छ", उहाँले भन्नुभयो ।

उहाँले प्रधानमन्त्रीले विदेशी भूमिमा गएर देशको भूभाग साटफेर गर्ने भनी दिएको अभिव्यक्ति प्रति असहमति जनाउँदै एमालेका सांसदहरुले जवाफसमेत माग गर्नुभएको छ । एमालेका सांसदहरुले अवरोध गरेपछि बैठक २९ मिनेटका लागि स्थगीत गरिएको छ ।

## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**रुपनी गाउँपालिका, सप्तरी**

## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*